आ.व. २०८२।०८३
बैठकः- नगर कार्यपालिका बैठक
अध्यक्षताः- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं ०५।०८२।०८३
मितिः-२०८२।०८।२६ गते
स्थानः- ता.न.पा मिनिहल
समयः- बिहान ११.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| (हस्ताक्षर) | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| (हस्ताक्षर) | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| (हस्ताक्षर) | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| — | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| (हस्ताक्षर) | श्री बाबुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| (हस्ताक्षर) | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| (हस्ताक्षर) | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| — | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| (हस्ताक्षर) | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| — | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| (हस्ताक्षर) | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| (हस्ताक्षर) | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री चेतनाथ गिरी | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री डिल ब. थापा | वी.वी वडा अध्यक्ष | वडा नं. ८ | |
| श्री रेखा विष्ट | ,, | वडा नं. ६ | |
| श्री राम ब. थापा | ,, | वडा नं. २ | |

निर्णय नं. १
तानसेन नगर कार्यपालिकाको मिति २०८२।०७।२४ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २
तानसेन नगरपालिका वडा नं. १० स्थित डुम्रे सुनडाँडा, तेल्घा, गुफाचौर, होलाङ्गदी सडकको शुरु लागत ४५ करोड ७६ लाख ८३ हजार ८४ रुपिया र पैसा ८८ मा सम्झौता भएकोमा DSC बाट हाल सम्झौता रकम ४५ करोड ७६ लाख ३३ हजार ४ सय ३० रुपियाँ र पैसा १७ कायम हुनेगरी पहिलेको सम्झौता भन्दा ४९ हजार ६ सय ५४ रुपिया पैसा ७१ (0.0१%) कम हुने गरी VO (Veriation Order) पेश भएकोले उक्त VO स्वीकृत गर्ने र नगर प्रमुखबाट कार्यपालिकाबाट अनुमोदन हुनेगरी स्वीकृत भएको आयोजनाको डिसेम्वर ८, २०२५ सम्मको म्याद थप अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३
तानसेन नगरपालिका वडा नं. ५ बनदेवीमा निर्माणाधिन बसपार्कको ठेक्का नं.TM/PLP/NCB/W/09/2079/80 को Veriation Order-(VO) को सम्वन्धमा शुरु सम्झौता रकम रु. १८,१३,१३,१०७।०१ (भ्याट सहित) मा रु.२,११,३१,८८५ (११.६५ %)(भ्याट सहित) Veriation भई अन्तिम सम्झौता रकम रु. २०,२४,४४,९९२।०१(भ्याट सहित) कायम भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (१) वमोजिम नगरपालिकामा पेश भएको ~~११.६५~~ (११.६५) % Veriation Order-(VO) स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४
श्रीनगर क्षेत्रको संरक्षण, सम्वर्धन र व्यवस्थापन गर्नका लागि पेश भएको श्रीनगर पर्यापर्यटन व्यवस्थापन समितिको कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५
तानसेन नगरपालिका वडा नं. ९ मा पर्ने तिनाउ खोलाको सिमलघाट बगर र आसपासका क्षेत्र तथा वडा नं. १३ र १४ मा पर्ने कालीगण्डकी नदीको विभिन्न घाट तथा बगरहरुबाट नदीजन्य पदार्थ उत्खनन् र व्यवस्थापन कार्यको लागि परामर्शदाता वी फ्रेम नेपालबाट गरिएको प्रारम्भिक बातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो, साथै उक्त प्रतिवेदनमा सिफारिस गरिएको परिमाणको आधारमा प्रदेश कानूनमा तोकिएको दररेट अनुसार हुन आउने न्युनतम् अंक कायम गरी ठेक्का बन्दोवस्त प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ६
तानसेन नगरपालिका वडा नं. ७ मा निर्माणाधिन चिस्यान केन्द्रको हालसम्मको कार्य प्रगतिको बारेमा बैठकमा जानकारी भयो । यस सम्वन्धमा उक्त निर्माण कार्यमा दोहोरोपन नहुने गरी चिस्यान केन्द्र संचालनमा ल्याउन पुन: प्राविधिक लागत अनुमान तयार गरिएकोमा उक्त लागत अनुमान स्वीकृत गरी कार्य प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ७
मानव अधिकार तथा शान्ति समाज पाल्पाबाट हल भाडा र अन्य सहयोग सम्वन्धमा गरिएको अनुरोध बारे बैठकमा जानकारी भयो । यस सम्बन्धमा नगरपालिकाको हलभाडा नि:शुल्क गर्ने र राष्ट्रिय स्तरको कार्यक्रम भएकोले ता.न.पा.को **क.श.१४० बजार व्यवस्थापन ट्राफिक र शान्ति सुरक्षा** शिर्षकबाट रु.५०,०००।- (अक्षेरुपी पचास हजार मात्र)सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

चेतनाथ ...
प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

कृषि तथ्यांक संकलकको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल गर्दा उक्त कार्यमा खटिएका कर्मचारीहरुलाई दैनिक यातायात खर्च बापत रु.२००।- र दैनिक खाजा खाना बापत रु. ३००।- उपलब्ध गराउने साथै २० कि.मि. भन्दा वढी दुरीको हकमा भ्रमण खर्च नियमावली बमोजिम दैनिक भ्रमण खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. २१९९३, मिति २०८२।८।१२ गतेको तानसेन नगरपालिका वडा नं. ११ को खयरतुङ्ग बस्तीमा १ महिना देखि अनियन्त्रित रुपमा गिट्टी तथा ढुङ्गा उत्खनन सम्बन्धी व्यहोराको पत्रको बारेमा बैठकमा जानकारी भयो । यस सम्बन्धमा पत्रमा निर्देशित प्रावधान अनुसार आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिका वडा नं. ९ मदनपोखरा स्वास्थ्य चौकीको च्याक र अन्य मर्मत सम्भार सम्बन्धमा लागत अनुमानको आधारमा **मर्मत सम्भार शिर्षकवाट** खर्च गर्नेगरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन दरबार संग्रहालय परिसर क्षेत्रमा पूर्वाधार निर्माण कार्य गर्दा अल्पकालिन र दीर्घकालिन रुपमा समेत असर नपर्ने गरि अवधारणागत नक्शा (Conceptual Map) को डिजाईन स्वीकृत गर्ने निर्णय गरियो । साथै उक्त दरबार परिसर क्षेत्रमा नगरपालिका र पर्यटन बोर्डको साझेदारीमा संचालन हुनगरी स्वीकृत भएको कार्यक्रमको कार्यान्वयन कार्य अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिका वडा नं. ९ स्थित बेल्टारीघाट झोलुङ्गे पुल निर्माणको लागि उपभोक्ता समितिसंग मिति २०८१।८।१० गते सम्झौता भई मिति २०८२।०८।१० सम्म सम्पन्न गर्नुपर्नेमा वर्षात र फाउण्डेशन खन्ने उपकरण बाहिरवाट ल्याउनुपर्ने भएको कारण तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकिएको हुँदा मिति २०८२।०८।१० गते देखि आगामी २०८३ आषाढ मसान्तसम्मको लागि पुन म्याद थप गर्ने साथै नपुग हुने रकम रु. ३,६१,७१४। ता.न.पा को **क्र.स १४२ मेयर पुर्वाधार कार्यक्रम शिर्षकवाट** विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न.१३**

तानसेन नगरपालिकाको अठारौं नगरसभा २०८२ पौष २४ गते दिनको १.०० वजे शुभारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

तानसेन नगरपालिकाको आ.व. ०८२।०८३ मा विनियोजन भएका देहायका वडास्तरको कार्यक्रमहरु कार्य सम्पन्न प्रतिवेदन, पेश भएका बिल भरपाई, वडा कार्यालयको सिफारिस फोटो समेतको आधारमा सम्बन्धित शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

| | |
|---|---|
| वडा नं. ४ श्रीकृष्ण जन्माष्टमी धार्मिक कार्यक्रम, | रु १ लाख |
| वडा नं. २ तिज गित कार्यक्रम | रु ६० हजार |
| वडा नं. ४ गणेश चतुर्थी भजन | रु ५० हजार |
| वडा नं ४ मोहनकन्या मा.वि हिरक महोत्सव व्यवस्थापन | रु ३ लाख |

**निर्णय नं. १५**

तानसेन नगरपालिकाको चालु आ.व.को हालसम्मको आय रु.४५,६०,६४,९३०।२८ र व्यय रु.२०,४०,१३,४२१।७१को विवरण स्वीकृत गरि सार्वजनीक गर्ने निर्णय गरियो ।

चेतनाथ गिरी
प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. १६**

बन्धु सिभिल एण्ड सप्लायर्स प्रा.लि. र आर.बि.जी. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र पाउँ भनी आवश्यक कागजात सहित यस कार्यालयमा निबेदन पेश गरेकोमा तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि २०७४ को अनुसूची ५ बमोजिमको आवश्यक योग्यता भएको चेक जाँच गरी तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सिफारिस समितिबाट सिफारिस भई आएकोले तपसिल बमोजिमको फर्मलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

१) फर्मको नाम: बन्धु सिभिल एण्ड सप्लायर्स प्रा.लि.
फर्मको ठेगाना: ता.न.पा. वडा नं. ४, पाल्पा
प्रोपराईटर: निलकण्ठ पौडेल
प्रोपराईटरको ठेगाना: पाणिनी गाउँपालिका वडा न. २, अर्घाखाँची

२) फर्मको नाम: आर.वि.जी. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
फर्मको ठेगाना: ता.न.पा. वडा नं. ६, पाल्पा
प्रोपराईटर: राजेन्द्र गौतम
प्रोपराईटरको ठेगाना: पाणिनी गाउँपालिका वडा नं. २, अर्घाखाँची

**निर्णय नं. १७**

तानसेन नगरपालिकाको आ.व.०८२।०८३ बाट राजश्व अशुली प्रकृया म.ले.नि.का को परिपत्र अनुसार पुर्णरुपमा शुत्र प्रणाली मार्फत् शुरु गरिएकोमा राजश्व संकलन गर्दा राजश्व दरमा केही घटबढ हुन गएको साथै घर तथा संरचनाको राजश्वमा दोहोरो पर्न गएको भन्ने गुनासो सम्वन्धमा उक्त विषयमा राजश्व परामर्श समितिबाट छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १८**

तानसेन नगरपालिका वडा नं. ४ तेर्सो सडकको सौन्दर्यकरणको निर्माण कार्य अगाडि बढाउने र उक्त निर्माण कार्य संचालनमा सहजता र सुरक्षाको लागि जिल्ला प्रशासन कार्यालय पाल्पामा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगर पालिकाको समन्वयमा नेपाल परिवार नियोजन संघ पाल्पा शाखाले रोटरी क्लबको सहकार्यमा तानसेन नगरपालिका अन्तरगतका नागरिकको सुलभताका लागि एम्बुलेन्स सेवा संचालन गर्ने निर्णय गरियो । उक्त एम्बुलेन्स सेवाको संचालनका लागि वडा नम्बर ६ अन्तर्गतको सामुदायिक स्वास्थ्य इकाई लहरे पिपलको नाममा ख वर्गको सुबिधाजन्य एम्बुलेन्स खरिद गरी यस अगाडिको सम्झौतामा उल्लेख भए बमोजिम नेपाल परिवार नियोजन संघ पाल्पाको व्यवस्थापनमा उप-समिति गठन गरी सेवा संचालन गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. २०**

तानसेन नगरपालिका र लुम्बिनी प्रदेश सरकार बीच नवप्रवर्तन साझेदारी कोष मार्फत तानसेन उद्यमशिलता विकास तथा पर्यटन प्रवर्द्धन साझेदारी कार्यक्रम संचालन गर्न भएको सम्झौतामा समावेश भएका मध्ये तपशिल बमोजिमका कार्यहरु सार्वजनिक खरिद ऐन नियममा आधारित भई सेवा प्रदायक मार्फत कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

...नाथ गिरी
...सकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner

तपशिल :

| क्रियाकलापहरु | लक्ष्य | | | इकाई दर | बजेट बाडफाड (आयोजना तर्फ) | | बजेट बाडफाड पालिका तर्फ) | जमा बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | आ. व. २०८२/८३ | इकाइ | जम्मा | | आ. व. २०८२/८३ | जम्मा (रु. ०००) | आ. व. २०८२/८३ | |
| उद्यम शिलता विकास तालिम, ९५ वडामा सिटीभिटीको मापदण्ड अनुसार हुने गरी, सहभागी भत्ता समेत) | ५ | वटा | ५ | १०० | ५०० | ५०० | 0 | ५०० |
| मौरी पालन सीप विकास तालिम ( २० जनालाई ७ दिन, सहभागी भत्ता समेत कार्यालयको नर्म्सको आधारमा स्वीकृत लागत अनुमान अनुसार , एड्भानस तालिम समेत) | ४ | पटक | ४ | १०० | ५०० | ५०० | 0.00 | ५०० |
| घरबास र रैथाने पाक शिक्षा तालिम र सहभागी भत्ता समेत कार्यालयको नर्म्सको आधारमा स्वीकृत लागत अनुमान अनुसार ) | २ | पटक | २ | २५० | ५०० | ५०० | 0.00 | ५०० |
| स्थानीय संस्कृति गजेर्ना तथा स्थानिय भेषभुषा प्रवर्धन (तालिम सहभागी भत्ता समेत कार्यालयको नर्म्सको आधारमा स्वीकृत लागत अनुमान अनुसार ) | २ | पटक | २ | २५० | ५०० | ५०० | 0.00 | ५०० |
| हाउस किपिङ्ग सीप विकास तालिम (तालिम सहभागी भत्ता समेत कार्यालयको नर्म्सको आधारमा स्वीकृत लागत अनुमान अनुसार ) | ४ | वटा | ४ | १२५ | ५०० | ५०० | 0.00 | ५०० |
| पर्यटक गाईड तालिम (१० जना) (तालिम सहभागी भत्ता समेत कार्यालयको नर्म्सको आधारमा स्वीकृत लागत अनुमान अनुसार ) | २ | पटक | २ | १४५ | २९० | २९० | 0.00 | २९० |
| वजार, श्रोत तथा सम्भावना अध्ययन | १ | पटक | १ | २० | २० | २० | 0.00 | २० |
| सहभागितात्मक ग्रामिण लेखाजोखा | १ | पटक | १ | ४० | ४० | ४० | 0.00 | ४० |
| घरधुरी सर्वेक्षण | १ | पटक | १ | ५० | ५० | ५० | 0.00 | ५० |
| समुहमा आवद्धता | १ | पटक | १ | ५० | ५० | ५० | 0.00 | ५० |
| वजारीकरण संजाल विस्तार तथा नेटवर्किंग (ट्राभल एजेन्सी, पर्यटन व्यवसायी, होमस्टे व्यवसायी, भ्लगर) | १ | पटक | १ | ५० | ५० | ५० | 0.00 | ५० |
| जम्मा | | | | | ३००० | ३००० | ० | ३००० |

वैजनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २१**

तानसेन नगरपालिका वडा नं. १४ मा संचालन भएको आ.व. ०८२।०८३ को प्रथम चौमासिक अवधिको सम्पन्न सार्वजनिक सुनुवाईको प्रतिवेदन सुझाव सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

तानसेन नगरपालिका क्षेत्रभित्र सामुदायिक र सार्वजनिक प्रयोजनको लागि विगतमा सार्वजनिक स्थलमा निर्माण गरिएका संरचनाहरुको मर्मत सम्भार गर्नुपर्ने र केही स्थानमा यात्रु प्रतिक्षालय, सार्वजनिक शौचालय तथा सामुदायिक, सार्वजनिक प्रयोजनका लागि थप संरचना निर्माण गर्न आवश्यक भएका देहाय बमोजिमका सामुदायिक भवन, ट्रस जस्ता संरचना निर्माण गर्न स्थानीय समुदायको भेलाबाट निर्णय गराई वडा कार्यालयको सिफारिस समेतका आधारमा पछि सार्वजनिक प्रयोजनका लागि जग्गाको अभाव नहुने स्थितिमा त्यस्तो कार्यको मर्मत सम्भार र निर्माण गर्न कार्यालयलाई निर्देशन दिने साथै भएका कार्यहरुको अनुमोदन/स्वीकृत गर्ने निर्णय गरियो ।

**देहायः**

| क्र.सं. | विवरण | बिनियोजित रकम | वडा नं. |
|---|---|---|---|
| १ | मेहलधारा सामूदायिक वडा भवन व्यवस्थापन | १००००० | २ |
| २ | वारुदखान र लहरेपिपलमा प्रतिक्षालय निर्माण | २५०००० | ४ |
| ३ | वासपोखरा अधूरो भवन मर्मत | १५०००० | ५ |
| ४ | सचेतना भवनमा शौचालय तथ पक्लूवा चोकमा रहेको ट्रस मर्मत (माथिल्लो पक्लूवा) | २००००० | ७ |
| ५ | मांझ गाउंपार्क क्रियापूत्री टहरो निर्माण | १००००० | ७ |
| ६ | बेशीटोल अधुरो कृयापुत्री टहरो तथा खेल मैदान माथै मूल मर्मत, स्तरउन्नती | १५०००० | ७ |
| ७ | तानसेन बहुमुखी क्यामपस देखी छात्रावास सम्म नाली निमार्ण तथा खुल्ला पार्क अधुरो निमार्ण | २००००० | ७ |
| ८ | वडा कार्यालयमा सेवाग्राही प्रतिक्षालय निर्माण र वरपिपल चौपारी स्तरोन्नती | ४००००० | १० |
| ९ | नामीकूवां शिवालय मन्दिरमा ट्रस निर्माण | १००००० | १२ |
| १० | दूग्ध संकलन केन्द्रमा शौचालय निर्माण | १५०००० | १२ |
| ११ | नामीकुवां बगाले मन्दिर ट्रस निर्माण | १००००० | १२ |
| १२ | विरपोखरा सामूदायिक भवनमा ट्रस निर्माण | १००००० | १२ |
| १३ | लूम्बीनी मा.वि.मा ट्रस निर्माण | २५०००० | |
| १४ | बौघागूम्हा मगर होमस्टे कोठा मर्मत | २००००० | १३ |
| १५ | सर्बोदय मा.बि. को प्रतिक्षालय मर्मत | १५०००० | १३ |
| १६ | सांचा चौपारी मर्मत तथा ट्रस निर्माण | २००००० | १४ |
| १७ | बाघखोर तथा स्वामीका बूटामूनी २ वटा ट्रस निर्माण | ३००००० | १४ |
| १८ | सचेतना भवन मर्मत शौचालय निर्माण तथा फर्निचर व्यवस्थापन | २००००० | १४ |
| १९ | परियार टोल तथा मगरगांउ ट्रस निर्माण | २००००० | १४ |

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ

| | | | |
|---|---|---|---|
| २० | वडा नं. १ कार्यालय भवन निर्माण कार्य | १५००००० | १३ |
| २१ | वडा नं. ३ कार्यालय भवन निर्माण कार्य | ७००००० | १ |
| २२ | वडा नं. ५ कार्यालय भवन निर्माण कार्य | ७००००० | ३ |
| २३ | वडा नं. ७ कार्यालय भवन निर्माण कार्य | ५००००० | ५ |
| २४ | वडा नं. ९ कार्यालय भवन निर्माण कार्य | ४०००००० | ७ |
| २५ | वडा नं. १३ कार्यालय भवन निर्माण कार्य | १०००००० | ९ |
| | जम्मा | ११,९००,००० | |

**निर्णय नं. २३**

तानसेन नगरपालिकाको चालु आ.व.मा संचालन हुने ५०।५० प्रतिशत लागत सहभागिताका योजनाहरु कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २४**

आ.व. ०८२।०८३ को तानसेन नगरपालिकाको योजनाको प्रगति प्रतिवेदन वैठकमा जानकारी भयो । यस सम्वन्धमा कार्यालय तथा सम्वन्धित वडाहरुबाट सीघ्र कार्य प्रर्गति बढने गरी सम्वन्धित योजनाहरु अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

आ.व.२०८२/८३ को स्वीकृत योजनाहरु

| वडा नं. | वडा स्तरिय स्वीकृत योजना | वडा स्तरिय सम्झौता | नगर स्तरिय स्वीकृत | नगर स्तरिय सम्झौता | संघ स्वीकृत | संघ सम्झौता | प्रदेश स्वीकृत | प्रदेश सम्झौता | LISP | LISP सम्झौता | जम्मा स्वीकृत योजना सख्या | जम्मा सम्झौता योजना सख्या | हालसम्म सम्पन्न भएका | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २८ | १० | १ | ० | ५ | ० | २ | २ | १ | ० | ३७ | १२ | ० | |
| २ | २६ | ३ | ० | ० | ० | ० | ० | ० | १ | ० | २७ | ३ | १ | |
| ३ | २५ | १ | १ | ० | १ | ० | ० | ० | १ | ० | २८ | १ | ० | |
| ४ | १८ | ३ | ० | ० | २ | ० | ० | ० | ० | ० | २० | ३ | ० | |
| ५ | ३५ | १२ | १ | ० | २ | ० | ० | ० | १ | ० | ३९ | १२ | ० | |
| ६ | ३० | १४ | ० | ० | ० | ० | ० | ० | १ | ० | ३१ | १४ | १ | |
| ७ | ४१ | १६ | २ | ० | १ | ० | ३ | १ | ० | ० | ४७ | १७ | १ | |
| ८ | २९ | ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | २९ | ९ | ० | |
| ९ | ३५ | ३ | १ | ० | १ | ० | ३ | २ | ० | ० | ४० | ५ | १ | |
| १० | ३७ | ९ | ० | ० | ० | ० | ४ | ० | १ | ० | ४२ | ९ | ० | |
| ११ | ३१ | ९ | ० | ० | ३ | ० | ३ | २ | १ | ० | ३८ | ११ | ० | |
| १२ | ३४ | १२ | ० | ० | ० | ० | ० | ० | १ | ० | ३५ | १२ | ० | |
| १३ | ३५ | २ | १ | ० | ० | ० | ० | ० | १ | ० | ३७ | २ | ० | |
| १४ | २९ | १२ | १ | १ | २ | ० | १ | ० | ० | ० | ३३ | १३ | ० | |
| जम्मा | ४३३ | ११५ | ८ | १ | १७ | ० | १६ | ७ | ९ | ० | ४८३ | १२३ | ४ | |
| | | | | | | | | | | सम्झौता हून बांकी योजना संख्या | ३६० | | | |
| | | | | | | | | | | पुर्वाधार तर्फको योजना | ३४८ | | २२५ | |

निर्णय नं. २५

तानसेन नगरपालिका वडा नं. १ धुवघाट सडक खण्ड, वडा नं. ५ ढुंगाखानी सड्क खण्ड र वडा नं. ७ मा रहेको वाँसटारी भ्रूडेवा सडक खण्डको वाँसटारी देखि ५०० मिटर पूर्व भ्रूर्लावारी देखि ठाँटी चौपारीसम्मको सडक क्षेत्रहरु जिर्ण भई तत्काल मर्मत सम्भार गर्न अति आवस्यक भएकोले उक्त सडक क्षेत्रको लागत अनुमान तयार गरि सोही आधारमा मर्मत सम्भार कार्य अगाडी बढाउने साथै ता.न.पा. वडा नं. ३ आँखा अस्पताल देखि वडा नं. १ चिलाङ्गदी सम्मको सडकको मर्मत लागत अनुमान तयार गरि खाल्टाखुल्टी पुर्नेगरी तोकीएका योजनाको लागि ता.न.पा.को **मर्मत सम्भार कोष शिर्षकवाट** खर्च भुक्तानी दिर्ने निर्णय गरियो ।

क्षेत्रनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner